# लामाचौर तीज महोत्सव समापन

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ भदौं**

२४ औं संस्करणको लामाचौर तीज महोत्सव-२०७९ अन्तरगत लामाचौर कप महिला पुरुष राष्ट्रिय भलिबल प्रतियोगितामा महिलातर्फ न्यु डायमण्ड एकेडेमी र नेपाल पुलिस क्लब फाइनलमा प्रवेश गरेका छन् ।



मंगलबार भएको पहिलो सेमिफाइनलमा साविक विजेता नेपाल पुलिसले विभागीय टोली त्रिभुवन आर्मी क्लबको टिमलाई ३-१ हराउँदै फाइनल पुगेको छ । प्रतिस्पर्धात्मक खेलमा पहिलो सेट गुमाए पनि पुलिसले उत्कृष्ट पुनरागमन गर्दै जित आफ्नो पक्षमा पारेको हो । पहिलो सेटमा विभागीय आर्मी २८-२६ ले विजयी भएको थियो । पछिल्ला तीन सेट भने पुलिसले २७-२५, २५-११ र २६-२४ ले आफ्नो पक्षमा पार्दै उपाधि नजिक पुगेको हो । दोस्रो सेमिफाइनलमा गण्डकी प्रदेशलाई सोझो सेटमा पराजित गर्दै न्यु डायमण्ड फाइनल प्रवेश गरेको हो । पहिलो सेट २५-१८ ले आफ्नो पक्षमा पारेको डायमण्डले दोस्रो सेटमा भने निकै संघर्षपूर्ण जित हासिल गरेको थियो । दोस्रो सेट २६-२४ ले जित्न सफल भएकोमा तेस्रो सेट २५-११ ले जित्दै लगातार आठौं पटक फाइनल पुगेको हो । प्रतियोगितामा डायमण्डकै रीमा कुँवर वुमन अफ दि म्याच बनिन् ।

पुरुषतर्फ भएको प्रतियोगितामा गण्डकी प्रदेशको टिम फाइनलमा प्रवेश गरेको छ । पहिलो सेमिफाइनलमा विभागीय सशस्त्र प्रहरी बलको टिमलाई ३-२ सेटले हराउँदै गण्डकीले संघर्षपूर्ण जित हात पारेको छ । पहिलो र दोस्रो सेट गुमाएको गण्डकीले पछिल्ला सेटमा संघर्षपूर्ण जित हासिल गरेको हो । पहिलो र दोस्रो सेट समान २२-२५ भएकोमा तेस्रो सेटमा गण्डकीले २५-२३ ले जितेर खेलमा फर्किएको थियो । चौथो सेट २५-१६ र अन्तिम सेट १७-१५ मा जितेको हो ।

दोस्रो सेमिफाइनल भने वर्षाले स्थगित हुन पुगेको छ । विभागीय टिमहरु नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लबका प्रतिस्पर्धामा रहेकोमा पहिलो सेट नसकीदै ठूलो पानी परेको थियो । स्थगित भएको खेल बुधबारमा बिहान हुने भलिबलकी राष्ट्रिय रेफ्री शान्ति गुरुङले जानकारी दिइन् । बुधबार नै फाइनल खेल हुनेछ । त्यसअघि तेस्रो स्थानका खेल हुने आयोजक नवआदर्श सामुदायिक विकास समाजले जनाएको छ । तिज पर्व पनि भएकोले खेल हेर्न दर्शकको खचाखच भिड रहेको प्रचार संयोजक बुद्धिबहादुर खत्री क्षेत्रीले बताए । महिला पुरुष दुवै तर्फका विजेताले १ लाख ५० हजार १११ पुरस्कार प्राप्त गर्ने छन् । उपविजेताले १ लाख १११ र तेस्रो हुनेले ५० हजार १११, सर्वोत्कृष्ट खेलाडी र उत्कृष्ट विधामा आकर्षक पुरस्कार दिइने खेल संयोजक सुशीलकुमार श्रेष्ठले बताए । यसैबीच, लामाचौर तीज महोत्सव-२०७९ को औपचारिक रुपमा समापन भएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले महोत्सव समापन गर्दै खेल तथा विकास निर्माणमा नवआदर्शको योगदान ठूलो रहेको बताए ।

संस्थाको रजत जयन्ती अवसर भएकोले सो अवसरमा विभिन्न व्यक्तित्वलाई सम्मान गरिएको थियो भने अन्तर विद्यालय लोकनृत्य प्रतियोगितामा प्रथम हुने मेरिगोल्ड बोर्डिङ प्रथम र अन्तर महिला तीजगीतमा प्रथम इन्द्र राज्य लक्ष्मी माविलाई पुरस्कार वितरण गरिएको थियो ।

अन्तर विद्यालय लोकनृत्य प्रतियोगितामा मेरिगोल्ड बोर्डिङ प्रथम, सूर्योदय बोर्डिङ दोस्रो, कास्की मोर्डनाइज्ड तेस्रो भएको हो । कुमुदिनी होम्स र बाल कल्याण सान्त्वना भए । प्रतियोगितामा १६ विद्यालयले भाग लिएको संस्थाका द्वितीय उपाध्यक्ष दिनेश भण्डारीले बताए । १८ टिमले भाग लिएको अन्तर महिला तीजगीतमा इन्द्र राज्य लक्ष्मी मावि प्रथम, उपकार आमा समूह दोस्रो, सफल उद्यमी महिला समूह तेस्रो र शिवालाय तमु आमा समूह सान्त्वना भएका हुन् । अन्तिम दिन भागिरथ चलाउने, शिला आले, ज्योति लोहनी, रामजी पौडेल, लक्ष्मी नेपाली, दीपक खड्का लगायतका कलाकारले प्रस्तुति राखेको प्रचार संयोजक बुद्धिबहादुर खत्री क्षेत्रीले जानकारी दिए । संस्थाका अध्यक्ष रेश्मा शेरचन अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष स्वागतसिंह भण्डारीले स्वागत तथा संचालन सचिव थिरबहादुर थापा र सहसचिव तेजप्रसाद अधिकारीले गरेका थिए । कोरोनाका कारण दुई वर्षसम्म महोत्सव हुन नसके पनि अहिलेको महोत्सवमा तीजको दिन वर्षाका बीच पनि दर्शक ओइरिएका थिए ।


## विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

◆ विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा विज्ञापनदाताको नाम, ठेगाना र आधिकारिकता सुनिश्चित गरौं ।
◆ अनधिकृत विज्ञापन प्रकाशन तथा प्रसारण नगरौं ।
◆ विज्ञापन प्राप्त गर्न अनुचित दवाव र प्रभाव नपारौं ।
◆ निर्धारित समय र स्थानमै विज्ञापन प्रकाशन तथा प्रसारण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# स्याङ्जा काँग्रेसमा उम्मेदवारको लर्को

**प्रकाश डोटेल**
**स्याङ्जा, १४ भदौं**

आगामी मंसिर ४ गतेका लागि घोषित निर्वाचनमा नेपाली काँग्रेसका तर्फबाट आंकाक्षीहरुले नाम दर्ता गराएका छन् ।

केन्द्रीय परिपत्र अनुसार स्याङ्जाका २ निर्वाचन क्षेत्रमा प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्नका लागि नेपाली काँग्रेसका केन्द्रीयस्तरका नेताहरूले नाम दर्ता गराएका हुन् । जिल्लामा २ संघीय क्षेत्र र ४ प्रदेशसभा निर्वाचन क्षेत्रका लागि आंकाक्षीको नाम दर्ता गराउनेमा केन्द्रीय नेता, पूर्वमन्त्री, बहालवाला सांसद, पूर्व सांसद जिल्ला सभापति र स्थानीय स्तरमा क्रियाशिल नेताहरु रहेका छन् । स्याङ्जा क्षेत्र नं. १ प्रतिनिधिसभा सदस्यका लागि ८ जनाले नाम दर्ता गराएका छन् । नाम दर्ता गर्नेमा काँग्रेस उपसभापति धनराज गुरुङ, पूर्व केन्द्रीय उपसभापति, मन्त्री एवं केन्द्रीय सदस्य गोपालमान श्रेष्ठ, जिल्ला सभापति राजु थापा, महासमिति सदस्य गोविन्दबहादुर रानाभाट, काँग्रेस नेता तथा व्यवसायी खुमाप्रसाद अर्याल, पूर्वकार्यबहाक सभापति कुमार राना, जिल्लाका पूर्वप्रवक्ता इन्द्रबहादुर गोदार र प्रहरीका पूर्व विशिष्ट अधिकारी सुवोध कुमार अधिकारी रहेका छन् । यस्तै गरी क्षेत्र नं. १ बाटै समानुपातिक तर्फ पनि दुई केन्द्रीय नेता गुरुङ र श्रेष्ठले नै दाबी गरेका छन् । उनीहरूसँगै जिल्ला सदस्य दीर्घनारायण शर्माले पनि नाम दर्ता गराएका छन् । स्याङ्जा क्षेत्र नम्बर २ संघमा प्रत्यक्षतर्फ १० जना र समानुपातिकतर्फ ४ जनाले उम्मेदवारी प्रस्तुत गरेका छन् । क्षेत्र नं १ बाट दाबी गरेका केन्द्रीय उपसभापति गुरुङ, केन्द्रीय सदस्य श्रेष्ठ र काँग्रेस नेता तथा सफल व्यवसायी अर्यालले क्षेत्र नं. २ मा पनि दाबी गरेका छन् ।

नाम दर्ता गर्दै आंकाक्षी बन्नेमा केन्द्रीय सदस्य सरस्वती अर्याल तिवारी, गण्डकी प्रदेश सांसद एवं काँग्रेस सचेतक भागवतप्रकाश मल्ल, संघीय सांसद मोहन पाण्डे, भूतपूर्वसांसद शंकर पाण्डेय, काँग्रेसका पुराना नेता खगेन्द्रराज रेग्मी, भोजराज अर्याल र लालगोपाल अर्याल रहेका छन् । यस्तै समानुपातिकमा फणिनारायण रेग्मी (दीपक), विद्यार्थी राजनीतिबाट उदायका कमला न्यौपाने, चन्द्रा अधिकारी र वालिङ नगरपालिकाका पूर्वप्रमुख दिलिप्रताप खाँणले पनि उम्मेदवार बन्ने आंकाक्षा देखाएर नाम दर्ता गराएका छन् । प्रदेशसभा सदस्यका लागि स्याङ्जा क्षेत्र नं. १ (क) मा प्रत्यक्षतर्फ ९ जना र समानुपातिकतर्फ ८ जनाले उम्मेदवारी प्रस्तुत गरेका छन् । प्रत्यक्षतर्फ आंकाक्षीमा नाम दर्ता गराउनेमा काँग्रेस स्याङ्जाका प्रवक्ता भरतप्रसाद लम्साल, गण्डकी प्रदेशका शिक्षामन्त्री मेखलाल श्रेष्ठ, प्रदेश सदस्य तथा महाधिवेशन प्रतिनिधि अजित क्षेत्री, महाधिवेशन प्रतिनिधि इन्द्रबहादुर रिजाल रहेका छन् ।



नाम दर्ता गर्नेमा बोधराज अर्याल, जनकराज काफ्ले, केशर बहादुर खाँण, विद्यार्थी कालका चर्चित नेता पवन नेपाल र नटराज सुवेदीले पनि प्रत्यक्षतर्फ क्षेत्र नं. १ (क) को उम्मेदवार बन्न दाबी गरेका छन् । यसैगरी समानुपातिकतर्फ भीरकोट नगरपालिकाकी पूर्वउपमेयर सीमा कर्माचार्य, काँग्रेस नेतृ हिरादेवी शर्मा, प्रेस युनियनकी उपमहासचिव दिलिपा अधिकारी, धनकुमारी थापा, डोलबहादुर खड्का, देवकुमार मानन्धर, मुहमद सरिफ मियाँ र यामबहादुर रानाले उम्मेदवारीका लागि नाम दर्ता गराएका छन् । क्षेत्र नम्बर १ (ख) मा उम्मेदवार बन्नका लागि प्रत्यक्ष तर्फ ८ जना र समानुपातिकतर्फ १५ जनाले नाम दर्ता गराएर उम्मेदवारी दाबी गरेका छन् । प्रत्यक्षतर्फ उम्मेदवार दाबी गर्नेमा महासमिति सदस्य तुलसी गिरी, ईन्जिनियर अनुप श्रेष्ठ, रामचन्द्र पौडेल, नरेन्द्रराज पौडेल, महेन्द्र थापा, पदमबन्धु पोखरेल, शिव बहादुर थापा र जगदीश पौडेल रहेका छन् । समानुपातिकतर्फ कुम्भ गुरुङ, उर्मिला गुरुङ, सुजन गहतराज, अम्बिकादेवी पौडेल, सामुहम्मद मियाँ, देबेन्द्र गुरुङ, माया के.सी., अमृत विक, विक्रान्तकुमार श्रेष्ठ 'सुवर्ण', सल्मा मियाँ, गीता चापागाईं, कुलबहादुर खत्री, गोपालप्रसाद ढकाल, दुर्गाकुमारी केसी र श्रीराम उपाध्यायले नाम दर्ता गराएर उम्मेदवारी दाबी गरेका छन् । जिल्लाको क्षेत्र नम्बर २ (क) मा प्रत्यक्षतर्फ ८ र समानुपातिकतर्फ ११ जनाले उम्मेदवारी प्रस्तुत गरेका छन् । प्रत्यक्षतर्फ अर्जुनप्रकाश अर्याल, दामोदर लम्साल, केदार काफ्ले, भीरकोटका पूर्वमेयर छाँयाराम खनाल, महाधिवेशन प्रतिनिधि कल्पना तिवारी, महाधिवेशन प्रतिनिधि विष्णु पौडेल, अर्जुनप्रसाद खनाल र टंकप्रसाद गैरेले नाम दर्ता गरेका छन् । यस्तै समानुपातिकतर्फ नाम दर्ता गर्नेमा लिलबहादुर रनपाल, बसन्तकुमार वि.क., लोकनाथ अर्याल, यादवकुमार श्रेष्ठ, कमल भित्रीकोटी, दिपक रोकाहा, कुलबहादुर गुरुङ, सुनिल खड्का (एसबी) केशभक्त गुरुङ, राजकुमार गुरुङ् र श्यामप्रसाद अर्याल रहेका छन् ।

जिल्लाको क्षेत्र नम्बर २ (ख) मा प्रत्यक्ष तर्फ ८ र समानुपातिकतर्फ १० जनाले नाम दर्ता गरेर उम्मेदवारी प्रस्तुत गरेका छन् । प्रत्यतर्फ महेश भट्टराई, शेषकान्त पुरी, शिव गिरी, यामप्रसाद पाण्डे, युवराज पाण्डे, धुर्ब प्रसाद शर्मा, श्याम प्रसाद बस्याल र रामभक्त भट्टराई रहेका छन् । समानुपातिकतर्फ नाम दर्ता गर्नेमा जिल्ला उपसभापति शेर बहादुर थापा मगर, पुराना नेता श्याम प्रसाद भण्डारी, तुलसा पाण्डे, हरिबाबु पोखरेल, बिमला श्रेष्ठ, सुनिता थापा, कानुन व्यवसायी राम बहादुर श्रेष्ठ, देवका देवी राना, व्यवसायी महेन्द्र श्रेष्ठ र तुलसा नेपाली रहेका छन् ।


## भद्रकाली बहुमुखी क्याम्पस
### पोखरा-१३, कुँडहर
### साधारण सभा हुने बारेको सूचना ।

यस भद्रकाली बहुमुखी क्याम्पस, पोखरा -१३, कुँडहरको क्याम्पस संचालन समितिको मिति २०७९ साउन २८ गतेको नियमित बैठकको निर्णयअनुसार यस क्याम्पसको चौथो अधिवेशनसहितको वार्षिक साधारण सभा -२०७९, निम्नलिखित मिति, समय र स्थानमा सम्पन्न हुन गइरहेको व्यहोरा क्याम्पसका आदरणीय सिनेटर सदस्यहरुलगायत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**मिति: २०७९ असोज १ गते शनिवार**
**समय : बिहान ८.०० बजे (बिहानको खानाको प्रबन्ध यतै गरिएको छ)**
**स्थान : क्याम्पस प्राङ्गण, भद्रकाली बहुमुखी क्याम्पस ।**

**विषयहरू**
१. अध्यक्षको वार्षिक प्रगति प्रतिवेदनमाथि छलफल र अनुमोदन
२. गत तीन आ.व.को आय-व्ययसहितको क्याम्पस प्रमुखको प्रतिवेदनमाथि छलफल र अनुमोदन
३. विगत ३ वर्ष यता क्याम्पस संचालक समितिले गरेका महत्वपूर्ण निर्णयहरुको अनुमोदन
४. नयाँ कार्यसमितिको निर्वाचन ।

बजिरमान श्रेष्ठ
अध्यक्ष
क्याम्पस संचालन समिति
भद्रकाली बहुमुखी क्याम्पस



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार
### कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोलस्टोय

## सम्पादकीय

# समानुपातिकको दुरुपयोग रोकौं

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभा सदस्यको निर्वाचनमा निर्वाचन आयोगमा समानुपातिकमा उमेदवार हुन चाहने विभिन्न ७६ दलको ६८ निवेदन परेको छ । दल दर्ता गराएका छन् । प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा भाग लिन चाहने राजनीतिक दललाई दल दर्ता गर्ने दिएको समय भित्र ७६ दलले दर्ता गरेपनि ६८ दलले निर्वाचन चिन्ह पाउनेछन् । निर्वाचन आयोगका अनुसार प्रदेश १ मा विभिन्न ६३ दलबाट ५५ निवेदन परेको छात्यसै गरि मधेस प्रदेशमा ६७ दलबाट ५९ निवेदन, बागमती प्रदेशका लागि ६६ दलबाट ५८ निवेदन परेको छ । गण्डकी प्रदेशका लागि ६० दलबाट ५२ निवेदन छ भने लुम्बिनी प्रदेशमा ६२ दलबाट ५४ निवेदन छाकर्णाली प्रदेशमा ५७ दलबाट ४९ निवेदन र सुदूरपश्चिम प्रदेशमा ५८ दलबाट ५० वटा निवेदन परेको छ । संविधान बनाउन संविधानसभामा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिएको थियो ।

प्रत्यक्षमा निर्वाचित हुन नसकेका वर्ग, समुदाय र क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गराउन समानुपातिक प्रणालीको व्यवस्था गरिएको हो । संविधानसभाबाट बनेको संविधान २०७२ ले प्रतिनिधिसभा र प्रदेश सभामा प्रत्यक्ष निर्वाचनबाट ६० र समानुपातिकबाट ४० प्रतिशतको हिस्सा हुने गरी संसद्को परिकल्पना गरियो । अहिले प्रतिनिधिसभामा १७५ सांसद सदस्यमध्ये १६५ प्रत्यक्ष निर्वाचित हुन्छन् भने बाँकी १ सय १० समानुपातिकबाट । समानुपातिक प्रणालीको सबल पक्ष पछि परेको वा बञ्चितीकरणमा पारिएको क्षेत्र, वर्ग र समुदायको प्रतिनिधि सुनिश्चित गर्नु हो । पहिलो संविधानसभाको निर्वाचन २०६४ सालदेखि नै यसको दुरुपयोग पार्टीहरूले गरे र प्रणालीको मर्मविपरीत जाँदै यसको बदनाम गरे । समानुपातिक प्रणालीमा समावेश गर्ने उम्मेदवारमा दलहरूले त्याग, निष्ठा, समर्पण गरेका आफ्नै दलका कार्यकर्ताभन्दा पैसावाल व्यापारी, डन, ठेकेदार र परिवारकै सदस्य अनि नातागोतासम्मलाई समानुपातिकको सजिलोबाटोमार्फत सांसद हुने अवसर दिए । जुन वर्गको आवाज प्रतिनिधित्व होस् भन्ने हो ठीक त्यसविपरीत त्यही कोटाबाट खल्तीका मान्छेलाई पठाउने गरेका छन् ।

मधेसीको कोटाबाट विश्वकै डलर अर्बपति विनोद चौधरी सांसद भए । व्यापारीहरू दिवाकर गोल्छा होऊन्, उमेश श्रेष्ठ, इच्छाराज तामाङ वा बाबुराम पोखरेल, उमेश श्रेष्ठ वा राजेन्द्र खेतान, राज्यलक्ष्मी गोल्छा या अरू कोही सबै पैसाको भरमा सभासद्/सांसद बनेका हुन । समानुपातिक प्रणालीबाट त बञ्चितीकरणमा परेका जाति, समुदायलाई प्रतिनिधित्व गराउनुपर्ने हो । तर यो प्रणालीबाट व्यापारीमात्रै नभई दलका चल्तापुर्जा र शीर्ष नेताका हनुमानहरू सांसद बनिरहेका छन् । मंसिर ४ मा हुने निर्वाचनपछि पनि फेरि दलहरूले पैसामा समानुपातिक टिकट बेच्दैनन भन्ने ग्यारेन्टी छैन ।

समानुपातिकको मर्म आरक्षण हो । त्यो प्रतिस्पर्धामा आउन नसक्ने वर्ग र समुदायका लागि हो । तर सधैं एकै व्यक्तिलाई त्यो अवसर दिनु पनि दुरुपयोग हो । सर्वोच्च अदालतले त्यस्ता तरमारा लाई पटकपटक अवसर नदिन भनेको छ । समानुपातिक निर्वाचन प्रणाली पैसावाल व्यापारी सांसद बन्न सजिलो हुने लिस्नो बनाइनु हुँदैन । अहिलेसम्मको अभ्यासमा थुप्रै त्यस्ता दुरुपयोगका उदाहरण देखिएको हुँदा यो प्रणालीप्रति जनमानसमा नकारात्मक छाप परिसकेको छ । दोष प्रणालीको होइन, नेताहरूको नियतको हो । अर्कोतिर प्रत्यक्ष निर्वाचन प्रणाली निकै खर्चिलो बनेको छ,जनतामाझ जाँदा जित निश्चित नभएको हुँदा समानुपातिक प्रणालीमा बस्नु सस्तो र नेतालाई रिझाउन सके भरपर्दो बनेको छ । समानुपातिकको मर्म र मान्यतालाई नेताहरूले दुरुपयोग गरी बदनाम बनाएको हुँदा यस्का विरुद्ध दलका कार्यकर्ता, नागरिक समाज र पछाडि पारिएका र परेका वर्ग समुदायको खबरदारी आवश्यक छ ।

# नेपालले जित्यो केन्या विरुद्धको टी-२० क्रिकेट सिरिज

रासस
काठमाडौं, १४ भदौ

नेपालले केन्याविरुद्धको पाँच खेलको टी-२० अन्तर ष्ट्रिय क्रिकेट सिरिज ३-२ ले जितेको छ । नेपालले केहीबेर अघि सम्पन्न अन्तिम खेलमा केन्यालाई ३१ रनले पराजित गरेको हो ।

केन्याको नैरोबी जिमखाना क्रिकेट मैदानमा टस जितेर नेपालले ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा सात विकेट गुमाउँदै एक सय ७५ रन बनायो । एक सय ७६ रनको विजयी लक्ष्य पछ्याउने क्रममा केन्याले २० ओभरमा सात विकेट गुमाउँदै एक सय ४४ रन मात्र बनाउन सक्यो । नेपालको जितमा ज्ञानेन्द्र मल्लको अर्धशतकीय पारी महत्वपूर्ण रहयो । मल्लले ४४ बलमा ५९ रन बनाए । यस क्रममा उनले दुई छक्का र पाँच चौका प्रहार गरे । रोहितकुमार पौडेलले २५ बलमा सात चौका हिर्काउँदै ४७ रन बनाए । यस्तै अर्जुन साउदले २९ र दीपेन्द्रसिंह ऐरीले २२ रन बनाए ।

बलिङतर्फ केन्याका लागि नेहेम्याह ओढियाम्बो, विराट पटेल र शेम एन्गोचेले दुई/दुई तथा लुकास ओलुओचले एक विकेट लिए । ब्याटिङ गर्ने क्रममा केन्याका लागि नेहेम्याह ओढियाम्बोले ३७, कप्तान शेम एन्गोचेले अविजित ३३, इरफान करिमले २८, कोलियन्स ओबुयाले २३ र नेलसन ओढियाम्बोले अविजित १३ रन बनाए ।

बलिङतर्फ नेपालका कप्तान सन्दीप लामिछाने र बसिर अहमदले दुई/दुई तथा करन केसी, मोहमद आदिल आलम र दीपेन्द्रसिंह ऐरीले एक/एक विकेट लिए । खेलको प्लेयर अफ दी म्याच नेपालका ज्ञानेन्द्र मल्ल तथा प्लेयर अफ दी सिरिज कप्तान सन्दीप लामिछाने घोषित भए । नेपालले अब केन्यासित तीन खेलको एकदिवसीय सिरिज खेल्ने छ । नेपाल र केन्याबीचको पहिलो एकदिवसीय खेल शुक्रबार खेल्ने तय भएको छ ।

# दमौली अस्पताल विस्तारका लागि जग्गा प्राप्ति

पोखरापत्र संवाददाता
दमौली, १४ भदौ

तनहुँको सदरमुकामस्थित दमौली अस्पताल विस्तारका लागि जग्गा प्राप्ति भएको छ । सङ्घीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँको स्वामित्वमा रहेको जग्गा अस्पताल विस्तारका लागि प्रदान गरेको हो ।

कृषि ज्ञान केन्द्रको दुई रोपनी र पशु सेवा विज्ञ केन्द्रको डेढ रोपनी जग्गा अस्पतालका लागि भोगचलन गर्न प्राप्त भएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र थापाले जानकारी दिनुभयो । लामो समयदेखि जग्गा व्यवस्थापनका लागि पहल हुँदै आएका बल्ल आएर यसले सार्थक रुप लिएको जनाइएको छ । "अस्पतालको सेवा विस्तारका लागि भवन निर्माण गर्न जग्गा चाहिएको थियो, अस्पतालसँगै जोडिएका दुई सरकारी कार्यालयको जग्गा भोगचलनका लागि पाएका छौं," उहाँले भन्नुभयो, "जग्गा प्राप्तिसँगै अब भवन निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर)को तयारी गरेका छौं ।"

गण्डकी प्रदेश सरकारले उक्त जग्गामा भवन निर्माणका लागि डिपिआर गर्न बजेट सहयोग गरेको छ । यस पश्चात् भवन निर्माणका लागि बजेटको सुनिश्चितता हुने छ । "जग्गा अभावकै कारण अस्पताल स्तरोन्निति हुन सकेको थिएन, जग्गा पायौं अब अस्पताल स्तरोन्नति हुने आशा पलाएको छ," अध्यक्ष थापाले भन्नुभयो ।

अस्पताल विस्तार भएपछि तनहुँका अलवा छिमेकी जिल्लाका सर्वसाधारणले पनि सेवा पाउनेछन् । नयाँ निर्माण हुने भवनमा आँखा उपचार केन्द्र पनि बनाउने तयारी गरिएको छ । प्रदेश सरकारले दमौलीमा गोबर्द्धन शर्मा आँखा उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो । पन्ध्र शय्या क्षमताको अस्पतालले हाल ५० शय्याको सुविधा दिइरहेको छ । अस्पतालको सीमित स्रोत र साधनका बाबजुद पनि अस्पतालले स्वीकृत शय्याभन्दा बढी क्षमतामा सेवा दिइरहेको छ । अस्पतालमा फोहरपानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि 'अटोक्लेप्स' सहितको भवन निर्माण, आँखा विशेषज्ञ सहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, 'एनेस्थेसिया' सेवा, भेन्टिलेटर सहित 'आईसियू' कक्ष, अत्याधुनिक प्रयोगशाला सेवा, 'डिजिटल एक्सरे', निःशुल्क औषधि कक्ष लगायतका सेवा विस्तार भइसकेको छ । साथै शव राख्नका लागि दुई तह भएका दुई 'मर्चरी चेम्बर'को पनि अस्पतालमा व्यवस्था गरिएको छ । अस्पतालले आकस्मिक सेवा, औषधि, 'एआरटी', 'ल्याब्रोटोरी', दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायलासिस सेवा समेत प्रदान गर्दै आइरहेको छ । विसं २०३४ मा स्वास्थ्यचौकीको रुपमा स्थापना र विसं २०५५ मा प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा स्तरोन्नति भएको यस अस्पताल विसं २०५९ मा अस्पतालका रुपमा स्तरोन्नति भएको थियो ।

# थप दुई सय ५७ मा संक्रमण

रासस
काठमाडौं, १४ भदौ

देशभर मंगलबार दुई सय ५७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनका अनुसार तीन हजार नौ सय २१ जनामा परीक्षणमध्ये सो सङ्ख्यामा भाइरस सङ्क्रमण पुष्टि भएको छ । दुई सय ३२ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन् । सक्रिय सङ्क्रमितको सङ्ख्या तीन हजार एक सय ४६ पुगेको छ । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर रहेका छन् । सङ्क्रमित शून्य भएका जिल्ला मनाङ, मुस्ताङ, बागलुङ, कालिकोट, हुम्ला, डोल्पा र मुगु रहेका छन् । होम आइसोलेशनमा दुई हजार नौ सय ९१, संस्थागत आइसोलेशनमा एक सय ५५, सघन उपचार कक्षमा ४० र भेन्टिलेटरमा पाँचको उपचार भइरहेको छ । विगत २४ घण्टामा ५० हजार तीन सय ५५ ले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् ।

# जमिनमा धाँजा फाट्दा पर्वतका पाँच परिवार विस्थापित, गाउँ नै जोखिममा

पोखरापत्र संवाददाता
पर्वत, १४ भदौ

जमिनमा धाँजा फाटेर घर भत्किएपछि पर्वतको जलजला गाउँपालिका-५ शालिजाको भोटेडाँडास्थित चोराय गाउँका पाँच परिवार विस्थापित भएका छन् ।

गाउँभन्दा केही तलको पाखो गत वर्ष धाँजा फाटेर जमिन लच्किँदै तल सर्दै गरेकामा यस वर्ष पनि पहिरो जाँदा स्थानीय प्रेमप्रसाद सुवेदी, देवीप्रसाद सापकोटा, दीपक सापकोटा, गणेश आचार्य र रमाकान्त सुवेदीको घर नै बग्ने अवस्थामा पुगेको हो । पहिरोले नजिकैका घर जतिबेला पनि खरतामा पर्न सक्ने भएकाले उनीहरू आफ्नो घर छाडेर त्यहाँभन्दा केही माथि रहेका छिमेकीको घरमा आश्रय लिएर बसिरहेको गाउँपालिका अध्यक्ष राजु आचार्यले बताउनुभयो । पहिरोले घर तथा आँगन चर्किएको छ ।

"गत वर्ष पहिरो सुरु भएको हो । अहिले पनि थप पहिरो बढेकाले हरेक वर्ष जमिनमा क्षति हुने क्रम बढेको छ । गत वर्ष नै आएका प्राविधिकले त्यस क्षेत्रभन्दा माथि रहेको बस्तीलाई स्थानान्तरण गर्न सुझाव दिएका रहेछन्", उहाँले भन्नुभयो, "जमिन फाट्न सुरु गरेपछि त्यो सुझाव आए पनि त्यति छिट्टै सरिहाल्न पनि गाउँलेलाई समस्या नै हुन्छ । बस्ती सरेको छैन तर जमिनमा धाँजा फाट्ने र बग्ने क्रम बढेको छ ।" जमिनको तल्लो आधार तहबाट पूरै फाटेका कारण माटो बग्दै जाँदा रुख र फलफूलका रुखहरू पनि ढलेका छन् । ठूलो क्षेत्रमा पहिरो सुरु भएकाले संरचना निर्माण गरेर वा ग्याबियन जाली भरेर पनि पहिरो रोकिने अवस्था नभएको अध्यक्ष आचार्यले बताउनुभयो । पहिरो बढ्दै गए त्यो भन्दा माथिका सयौँ घर विस्थापित हुने अवस्था छ । पहिरो गाउँभन्दा तलबाट सुरु भएका कारण माथिका सबै घर पहिरामा पर्ने जोखिम रहेको आचार्यले बताउनुभयो । तत्कालीनसमयमा पहिरो नियन्त्रणमा राख्न गाउँपालिकाबाट प्राविधिक र जनप्रतिनिधि गएर अवलोकन गरेर छलफल भएको छ । बग्दै गरेको जमिनमा थप क्षति हुन नदिन तत्कालीनरूपमा वर्षाका कारण बगेर आउने पानीलाई पहिरामा पस्न नदिन भल काटेर पहिरामा नपर्ने गरी तर्काउन सकिने देखिएको छ । बग्दै आएको पानीका लागि नहर जस्तो बनाएर पाइप जडान गरी एकातर्फको सुरक्षित ठाउँमा फाल्न प्राविधिकले सुझाव दिएकाले त्यसैअनुसार बाटी तर्काउने योजना गाउँपालिकाले बनाएको छ ।

फाटेको जमिन केही हदसम्म रोक्न सक्ने घाँस पाइने भन्ने प्राविधिक सञ्जालमार्फत थाहा पाएपछि सर्लाही जिल्लाबाट उक्त घाँस ल्याएर पहिरोमा रोप्ने विकल्पबारे पनि छलफल भइरहेको अध्यक्ष आचार्यले भनाइ छ । जुन उपाय अपनाएर बस्तीलाई सुरक्षित राख्न सकिन्छ तत्काललाई काम गर्ने र दीर्घकालीनरूपमा जोखिम कायमै हुने भएकाले बस्ती सुरक्षित राख्न सकिने उपायबारे गाउँपालिकाको विपद् व्यवस्थापन समितिको बैठकमा छलफल गर्ने उहाँले बताउनुभयो ।

# न्यौपाने र रानालाई युवा पत्रकारिता पुरस्कार

पोखरापत्र संवाददाता
दमौली, १४ भदौ

तनहुँ समाज हङकडले प्रदान गर्ने युवा पत्रकारिता पुरस्कार यसवर्ष कृष्ण न्यौपाने र प्रताप रानामगरलाई प्रदान गरिने भएको छ । राष्ट्रिय समाचार समिति (रासस) प्रतिनिधि न्यौपाने र कान्तिपुर टेलिभिजनका प्रतिनिधि राना मगरलाई 'युवा पत्रकारिता पुरस्कार, २०७९' बाट पुरस्कृत गर्न लागिएको हो ।

उक्त पुरस्कार समाजले स्थापना दिवसको अवसरमा भदौ १५ बुधबार आयोजित कार्यक्रममा प्रदान गरिने तनहुँ समाज हङकङका तनहुँ संयोजक प्रदीप काफ्लेले जानकारी दिनुभयो । पत्रकारद्वय न्यौपाने र रानाले समाजद्वारा गरिएको सामाजिक सेवाको समाचार सम्प्रेषण गरी योगदान पुऱ्याएकाले पुरस्कारका लागि छनोट गरिएको जनाइएको छ । उक्त पुरस्कारको राशी रु पाँच हजार पाँच सय ५५ रहेको छ । पुरस्कृत हुन लामुभएका न्यौपाने नेपाल पत्रकार महासङ्घ तनहुँका निवर्तमान सहसचिव र राना हालका सचिव हुनुहुन्छ ।

समाजले प्रत्येक वर्ष दुई पत्रकारलाई यो पुरस्कार प्रदान गर्दै आइरहेको छ । हालसम्म यो पुरस्कारबाट पत्रकार ओमकार आचार्य, सोनी शर्मा, सुनिता आचार्य, नारायण खड्का र अमरराज नहर्की पुरस्कृत भइसक्नुभएको छ । समाजले तनहुँमा विगत एघार वर्षदेखि शिक्षा, स्वास्थ्य, खानेपानीलगायत सामाजिक क्षेत्रमा योगदान गर्दै आइरहेको छ । समाजले कोभिड महामारीको बेला दश वटै स्थानीय तहमा रु १५/१५ हजार सहयोग गरेको थियो । साथै केही वर्ष अगाडी पहिरोबाट पीडित भएका ऋषिङका पहिरो पीडितलाई समाजले रु दुई लाख ४४ हजार सहयोग गरेको थियो ।

समाजले जिल्लाको शैक्षिक क्षेत्रमा योगदान पुऱ्याउन रु १५ लाखको अक्षयकोष पनि स्थापना गरेको छ । विसं २०५६ सालमा स्थापित समाजले जिल्लाको विभिन्न विद्यालयमा उक्त अक्षयकोषको ब्याजबाट प्राप्त रकमले सहयोग गर्दै आइरहेको छ । दमौली स्थित गण्डकी विकास बैङ्कमा स्थापित अक्षयकोषको ब्याजबाट प्रत्येक वर्ष बालबालिकाका लागि समाजले सहयोग गर्दै आएको छ । समाजले यसका अतिरिक्त भानु जन्मस्थल विकास समितिमा रु पाँच लाखको लगानीमा पुस्तकालय स्थापना गरेको छ भने साथै क्यामिनको छापथोक, भीमादलगायत स्थानमा खानेपानी आयोजनामा पनि आर्थिक सहयोग गरेको छ । समाजमा चार सय नहुँवासी आबद्ध छन् । समाजले हङकङमा विविध कार्यक्रम गर्दै आएको छ । समाजले भावनात्मक विकास गर्ने र हङकङमा बस्ने नेपाली कसैलाई दुःख पर्दा साथ दिँदै आएको छ ।

# विद्यालय भवन निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, १४ भदौ

विदेशी संस्था र पालिकाको साझेदारीमा जलजला-३ मल्लाजस्थित विद्याज्योति माध्यमिक विद्यालयमा कक्षा कोठाको थप गर्न भवन निर्माण गरेको छ ।

विकास बेल्जियम र जलजला गाउँपालिकाको साझेदारीमा रु एक करोड ६० लाखको लागतमा दश कोठे दुई तले कक्षा कोठा भवन बनाइएको हो । विकास बेल्जियमका स्थानीय समन्वयकर्ता टेकबहादुर बरुवालले विद्यालयको भवन बनाउन संस्थाले गाउँपालिकालाई रु एक करोड २९ लाख ७८ हजार १५६ उपलब्ध गराएको जानकारी दिनुभयो । "विकास वेल्जियमको ७५ प्रतिशत र गाउँपालिकाको २५ प्रतिशत लागत साझेदारीमा एक वर्षअघि थालिएको भवन निर्माणको काम सकिएको छ," उहाँले भन्नुभयो "सम्झौता अनुसार संस्थाले गाउँपालिकालाई सहयोग उपलब्ध गराइसकेको छ ।"

रु दुई करोड १३ लाख ९५ हजार ७६२ लागत अनुमान गरिएको भवन निर्माणका लागि विसं २०७८ साउन ५ गते त्रिशक्ति कन्ट्रक्सन इन्जिनियरीङले करसहित रु एक करोड ६० लाख ७२ हजार ९७२ मा ठेक्का सम्झौता गरेको थियो । पुरानो भवन जीर्ण भएपछि नयाँ भवन निर्माणका लागि गाउँपालिका र विकास बेल्जियममा डिपिआर तयार पारेर प्रस्ताव गरिएको थियो । प्रधानाध्यापक रघुनाथ आचार्यका अनुसार कक्षा १२ सम्मको पठनपाठन हुने विद्यालयमा दुई सय ७० जना भन्दा बढी विद्यार्थी छन् ।

विसं २००४ मा स्थापना भएको विद्याज्योति धवलागिरि क्षेत्रकै पुरानो विद्यालय मानिन्छ । विकास बेल्जियमले यसअघि धवलागिरि गाउँपालिकाका-७ मा ताकम माध्यमिक विद्यालयको भवन र बेनीको कालीपुलदेखि डिलफाँट हुँदै मल्लाजसम्म पदमार्ग निर्माण गरेको थियो । तीन चरणमा रु ८६ लाख नौ हजार दुई सय ५२ को लागतमा एक हजार नौ सय ५२ मिटर पक्की पदमार्ग निर्माण हो । ढाडो भिरको उकालोमा सिँढी र रेलिङसहितको पदमार्ग निर्माण भएपछि बेनी बजारका साथै बगरफाँट वारिवेनी, जलजला गाउँपालिकाको बाँसखर्क, मल्लाज, लेकफाँट र नागीका बासिन्दालाई आवतजावतमा सहज भएको छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाव | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पोखराको कोशेली टुसा

– धनबहादुर गुरुङ
अन्नपूर्ण, १४ भदौं (रासस)

पोखरा घुमेर फर्किने आन्तरिक पर्यटकले कोशेलीका रुपमा टुसा लैजान थालेका छन् । कास्कीका उच्च पहाडि भू-भागमा पाइने टुसा विशेषत : असार, साउन र भदौमा पलाउने भएपनि बजारमा साउनको समयमा यसको उल्लेख्यरुपमा व्यापार हुने गरेको छ ।

विभिन्न औषधीय गुणसमेत पाइने टुसाको तरकारी विशेष रोजाइमा पर्ने गर्दछ। अन्नपूर्ण आधार शिविर र मर्दि आदि क्षेत्रको पदयात्रामा जानेलाई त्यहाँका स्थानीयले टुसाको तरकारी खुवाउने गर्दछन् । जिल्लाका अधिकांश टुसा पाइने स्थानहरू अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत पर्दछन् । एक्यापले टुसा पाइने क्षेत्रको संरक्षणसँगै प्रत्येक याममा सर्वसाधारणलाई टुसा काट्नका साउन महिनाभर खुल्ला गर्ने गर्दछ । असार, साउन र भदौ टुसा पलाउने मुख्य याम भए पनि असार र भदौ नै टुसालाई बढ्न दिने प्रचलन छ । प्रत्येक वर्ष साउन महिनाभर टुसा काट्न खुलाउने र भदौ १ गतेबाट रोक्ने गरिएकोमा यस वर्ष पनि एक्यापले टुसा काट्न रोक लगाएको छ । जिल्लाको विभिन्न क्षेत्रबाट निर्यात हुने टुसा भदौ लागेसँगै रोक लगाइएको एक्याप,ल्वाङका पर्यटन सहायक शिव देवकोटाले जानकारी दिनुभयो । एक्यापले साउन १ गतेदेखि टुसा काट्नका लागि अनुमति दिएको थियो । टुसाका लागि प्रख्यात जिल्लाको माछापुच्छ्रे गाउँपालिका वडा नं १, २, ८ र ९ बाट दुई/दुई लाखको दरले छ लाख टुसा बिक्री गर्न अनुमति दिएको उहाँले जानकारी दिनुभयो । योसँगै बजारमा टुसाको व्यापारमा कमी आउने उहाँको भनाइ थियो । साउनको अन्त्यसँगै टुसा काट्न बन्द गरिएको स्थानीय टुसा व्यावसायी राजकुमार गुरुङले जानकारी दिनुभयो । बजारमा माग बढेपनि एक्यापको नियममा रहेर बन्द गरेको उहाँको भनाइ थियो । यस वर्ष टुसाको उत्पादन बढेकाले स्थानीयको आयस्रोतमा टेवा पुगेको उहाँले सुनाउनुभयो । टुसा काट्ने र बोक्नेलगायत कार्यमा स्थानीयले नै रोजगारी पाएका छन् । यस वर्षपनि आफूहरूले टुसा सङ्कलनका लागि अनुमति पाएपछि स्थानीय धेरैले रोजगारी पाएको व्यावसायी गुरुङले जानकारी दिनुभयो । यसरी सङ्कलन गरिएको टुसा बजारसम्म आउँदा रु ६० देखि ८० सम्म पर्ने गरेको छ । "कृषकहरूले सङ्कलन गरेको टुसा हामीले बजारमा रु ३५ देखि ५० प्रति मूठा दिन्छौं", उहाँले भन्नुभयो, "बजारमा पुग्दा रु ८० सम्ममा बेचेको थाहा पाएको छु, जे भएपनि यसले राम्रै बजार पाएको छ ।" आफूहरूले तोकेको समय सीमाभन्दा अघि/पछि वा अन्य ठाउँबाट टुसा कसैले बिक्री वितरण गरे कारबाही हुने पर्यटन सहायक देवकोटाले जनकारी दिनुभयो । साउनको महिनामा माछा मासु कम खाने प्रचलन रहेको र टुसाको उत्पादन पनि बढी हुने भएकाले यस समयमा आफूहरूले टुसा बिक्रीका लागि समय खुला गरेको उहाँको भनाइ छ । "टुसा उम्रने उपयुक्त समय असार, साउन र भदौलाई मानिन्छ", उहाँले भन्नुभयो, "असार र भदौको टुसालाई हुर्कन दिएर साउनमा उम्रने टुसालाई हामीले तरकारीका रुपमा प्रयोग गर्न बाटो खोल्ने गरेका छौं ।"

एक्यापले अनुमति नदिएको समयमा टुसाको चोरी निकासी गर्नेलाई कारबाही गरिने उहाँले बताउनुभयो । टुसाको व्यापार व्यावसाय नगर्न सूचना जारी गरिसकेपछि यो समयमा कसैले अवैध बाटोबाट टुसाको व्यापार गरेको थाहा पाएमा नियन्त्रणमा लिएर राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु विभागमा कारबाहीका लागि पठाइने छ। पर्यावरण जोगाउन पनि निगालोको संरक्षण गर्नु आवश्यक रहेको अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन समिति ल्वाङका अध्यक्ष ओमप्रसाद गुरुङले जानकारी दिनुभयो । कलिलो टुसा जङ्गली जनावर भालुको खाना भएकाले पनि अझै महत्व रहेको छ । यसैगरी निगालोको चोयाँबाट बन्ने डोको, भकारी, डालोलगायत सामाग्री स्थानीयको आयस्रोतको बाटो भएकाले पनि संरक्षणमा टुसा संरक्षणमा जोड दिइएको गुरुङले जानकारी दिनुभयो । पछिल्लो समयमा कलिलो टुसा तरकारीका रुपमा परिचित भएकाले चोरी निकासी बढ्न थालेसँगै यसको व्यवस्थापनका लागि एक्यापले वैधरुपमै रकम बोलकबोलका आधारमा टुसाको व्यापार गर्न दिने गर्छ । हरेक वर्ष कास्कीको माछापुच्छ्रे क्षेत्रमा छ लाख टुसा बिक्री हुने गुरुङले जानकारी दिनुभयो । "हामीले वर्षमा एउटा महिना टुसा काट्न स्थानीयका लागि बैधानिकता दिँदै आएका छौं", उहाँले भन्नुभयो, "साढे एक लाखदेखि साढे दुई लाखसम्म बोलकबोल राख्छौं, त्यसमा जसले सबैभन्दा बढि रकम तिर्छ उसैले एक महिनासम्म टुसा काट्न पाउँछ।" अनुमति पाएको व्यक्तिले स्थानीय सरकारलाई कर तिरेपछि टुसा सङ्कलनका लागि एक्यापले अनुमति दिन्छ । बोलकबोलबाट आएको रकम २० प्रतिशत वडा कार्यालयलाई दिने गर्छ । ७५ प्रतिशत रकम वडा अन्तर्गतनै बाटो, खानेपानीलगायत विकास निर्माणमा खर्च गर्दै आएको छ । भने बाँकी ५ प्रतिशत रकम संरक्षण क्षेत्र व्यवस्थापन समितिले राख्छ । त्यो रकम एक्याप क्षेत्र भित्र जनावरका अन्य कारण हुने घटना दुर्घटनामा राहत दिने गुरुङले जानकारी दिनुभयो ।

कास्कीको ल्वाङ, घलेल, भुर्जुङखोला, सिक्लेस, ताङतिङ, याङजाकोट, घान्द्रुक, लान्द्रुक, धम्पुस, लुम्लेलगायत क्षेत्रबाट टुसा निकासी हुन्छ । देशका विभिन्न स्थानबाट पोखरा आउने जो कोहीले यहाँको कोशेलीका रुपमा टुसा किनेर जान थालेसँगै यसको माग वर्षेनी बढ्दो क्रममा रहेको व्यवसायीहरू बताउँछन् ।



संरक्षण अभावले लोप हुने अवस्थामा लेखनाथको गुँदे ताल । यहाँका ताल संरक्षणमा पछिल्ला वर्ष सरकारी निकायबाट कुनै चासो दिइएको छैन । तस्बिर : ऋषिराम बराल /रासस

# तातोपानी नाका बन्द भएपछि कृषि पेशामा

रासस
चौतारा, १४ भदौं

विसं २०७२ को भूकम्पअघि तातोपानी नाकामा व्यापार गरेर वार्षिक लाखौं कमाउने भोटेकोसी गाउँपालिका-१ लिस्तीका अर्जुन सापकोटाले नाका बन्द भएपछि विकल्पको रूपमा कृषि पेशा रोज्नुभएको छ ।

सापकोटाले लिस्तीको सेमुङ र चतलीमा तीन सय ३० रोपनी जग्गा भाडामा लिएर कृषि पेशा सुरु गर्नुभएको हो । तातोपानी नाका बन्द भएपछि रु एक करोड ५० लाखको लगानीमा कृषि व्यावसाय सुरु गर्नुभएका सापकोटाले किवी, आलु, लसुनको खेती तथा उन्नत जातका बाख्रापालन गर्नुभएको छ । उहाँले गत वर्ष मात्र किवीबाट रु पाँच लाख आम्दानी गरेको बताउनुभयो । सापकोटाले यो वर्ष किवीको मात्रै तीन हजार सात सय बिरुवा लगाउनुभएको छ र १० जना जतिलाई रोजगारीसमेत दिनुभएको छ ।

सापकोटाले अबका 'केही समयमा नै कृषि व्यवसायबाट वार्षिक रु २५ लाख बराबरको आम्दानी गर्ने सोच रहेको बताउनुभयो । सापकोटाले आफूले मात्रै नभएर गाउँका एक सय घरपरिवारलाई पनि आधुनिक कृषि प्रणालीमा जोड्नुभएको छ ।

अहिले गाउँका एक सय घरपरिवार मिलेर पाँच सय रोपनी जग्गामा सामूहिक आलुखेती गरेका छन् । उक्त सामूहिक खेतीबाट यस वर्ष रु ५० लाखको आलु उत्पादन भएको छ । उनीहरूको यो उदाहरणबाट गाउँका अरु नागरिक पनि यस्तै पेशातर्फ आकर्षित भएका छन् ।

तातोपानीबाट सामान ल्याएर यहाँ र काठमाडौँमा नै व्यापार व्यवसाय गर्ने गरेका यहाँका कैयौँ स्थानीय सो नाका बन्द भएपछि यहाँ कृषि पेशा अपनाउन पनि थालेका छन् ।

# यसकारणले बढे डेँगुका बिरामी, अस्पताल भरिँदै

– शरद् शर्मा
काठमाडौं, १४ भदौं (रासस)

काठमाडौँ उपत्यकामा डेङ्गु ज्वरोका बिरामी दैनिक बढेको पाइएको छ । नेपालमा अहिले मुख्य काठमाडौँ, ललितपुर र रुपन्देही जिल्लामा सबभन्दा बढी डेँगुका बिरामी पाइएको छ । ती जिल्लाका अस्पतालमा डेँगुको उपचारका लागि बिरामीको चाप पनि बढेको छ ।

विशेषगरी साँझ-बिहानको समयमा सक्रिय हुनेमौसममा सफा र जमेको पानीमा बस्न 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेको टोकाइबाट डेङ्गुको रोग लाग्ने गर्दछ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा सन्जयकुमार ठाकुरले साउनदेखि केही शहरमा डेँगुका बिरामी बढेको बताउनुहुन्छ । उहाँका अनुसार ललितपुर, काठमाडौँ र रुपन्देहीमा डेँगुका बिरामी बढी रहेको छन् । ललितपुरमा एक हजार ५६, रुपन्देहीमा ३७७ र काठमाडौँमा ३३२ जना डेँगुका बिरामी भेटिएका छन् । अव्यवस्थित शहरीकरण पनि डेँगुका बिरामी बढेको उहाँ बताउनुहुन्छ । "अव्यवस्थित शहरले गर्दा घरवरपर खाल्डाखुल्डी तथा पानी जम्ने ठाउँ रहेका हुन्छन्" उहाँले भन्नुभयो, "ती ठाउँबाट नै डेँगु रोग सार्ने जातको लामखुट्टेको विकास हुने गर्दछ ।" पानी जम्ने सफा ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्छ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा बयस्क भएपछि टोकेर डेँगु रोग लाग्दछ । उहाँले पानी टङ्की, गाडीको डायर, गमला घर नजिकको खाल्डाखुल्डीमा पानी जम्न दिन नहुने बताउनुभयो । एसिबाट निस्केको पानी जमेपछि त्यही जमेको पानीमा लाखुट्टेले फुल पार्ने गरेको छ । मन्त्रालयका प्रवक्ता डा ठाकुरले डेँगु रोगको रोकथाम तथा नियन्त्रण सरकारले भन्दा पनि व्यक्तिगतरुपमा लाग्नुपर्ने बताउनुहुन्छ । व्यक्तिगतरुपमा आ-आफ्नो घरमा सरसफाइ गरेर पानी जम्न नदिने र घर वा बाहिर बस्दा शरिर पूरा ढाकिएको कपडा लगाउनुपर्ने उहाँको भनाइ रहेको छ । उहाँले डेँगु लागेपछि धेरै मानिसलाई लक्षण नदेखेर नै निको हुने बताउनुहुन्छ । "अहिले गम्भीर बिरामीमा भने सेतो रगत कम हुने गर्दछ" उहाँले भन्नुभयो, "धेरैजसोलाई सिटामोल नै खाएर निको पार्न सकिन्छ ।"

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख कल्सन्टेन्ट फिजिसियन डा विमल चालिसेका अनुसार अस्पतालमा बढिरहेका बताउनुभयो । उहाँ अस्पतालमा सामान्य लक्षणदेखि भर्ना गरेर उपचार गर्नेसम्मका बिरामी आउने थालेको बताउनुहुन्छ । डा चालिसेका अनुसार अस्पतालमा दैनिक ३० देखि ३५ जना भर्ना भएर उपचार गर्ने खालका र आकस्मिक सेवामा दैनिक ६० देखि ७० जना बिरामी आइरहेका छन् ।

"धेरैजसो बिरामी धेरै ज्वरो आउने, टाउको दुख्ने, जिउ दुख्ने, खाना मन नलाग्ने, बान्ता हुने, पखाला लाग्नेजस्ता लक्षण भएका बिरामी आउने गरेका छन्", उहाँ भन्नुहुन्छ, "उपचार गर्नका लागि अस्पतालमा आएका बिरामीलाई फर्काउने गरेका छैनौँ । अहिलेसम्म शैय्याको व्यवस्था गरेका छौँ । तर अहिलेको भन्दा बढी भएपछि समस्या हुनेछ ।" अस्पतालमा ७० शैय्या र २४ सधन उपचार कक्ष (आइसियु) रहेको छ । उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौंलाको मासु दुख्ने आदि डेङ्गुका लक्षण हुन् । डेङ्गु ज्वरो सञ्चो हुने बेलामा शरीरमा राता दाग पनि देखा पर्छन् । गम्भीर प्रकृतिको डेङ्गु सङ्क्रमण भएका बिरामीमा थकान महसुस हुने, गिजाबाट रगत बग्ने, पेट असाध्यै दुख्ने, बारम्बार बान्ता हुने, सास फेर्न गाह्रो हुने, पेट खुट्टा सुन्निनेजस्ता लक्षण देखा पर्छन् । यस्ता लक्षण देखिएका बिरामीलाई भने तत्काल अस्पताल भर्ना गराउनुपर्छ । डेङ्गु रोग चार प्रकारका भए पनि अहिले नेपालमा कुन प्रकारको डेङ्गु देखिएको छ भन्नेमा अनुसन्धान भइरहेको छ । वीर अस्पतालका उपनिर्देशक डा प्रज्वल श्रेष्ठले अस्पतालमा कोरोना भाइरसका भन्दा डेँगुका बिरामी बढी रहेको बताउनुहुन्छ । उहाँका अनुसार अहिले वीरमा २४ जना डेँगुका बिरामी र २२ जना कोरोना भाइरसका बिरामी रहेका छन् । "वर्षायाम सकिने पछि एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले बढ्ने गर्दछन्", उहाँले भन्नुभयो, "तीनै प्रजातिका लामखुट्टैको टोकाइले डेँगु रोग लाग्दछ ।" उहाँले अहिले दैनिक चारदेखि पाँच जना आकस्मिक कक्षमा उपचार गर्न आउने गरेको बताउनुहुन्छ ।

स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले साउन र भदौ महिनामा लामखुट्टेको सङ्ख्या वृद्धि हुने भएकाले काठमाडौँ उपत्यकासहित तराईमा डेँगुका बिरामी बढेको बताउनुभयो । उहाँले डेँगुलाई नियन्त्रण गर्नका लागि लामखुट्टेको लार्भा खोजेर मार्नुपर्ने बताउनुभयो । "अहिलेको मौसममा लामखुट्टैका लार्भा धेरै नै उत्पादन हुने गर्दछ", उहाँले भन्नुभयो, "पानी जम्न नदिनु, खाल्डाखुल्डी पुर्नु र साना साना पानी जम्ने ठाउँलाई नष्ट गर्नुपर्दछ ।" उहाँले डेँगु रोकथाम र नियन्त्रणका लागि काठमाडौँ उपत्यका जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहलाई निर्देशन दिइरहेको बताउनुभयो । उहाँका अनुसार देशभरिका १३९ स्थानीय तहमा डेँग रोकथाम र नियन्त्रण गर्न लार्भा नियन्त्रण र जनचेतना जगाउनका लागि बजेट विनियोजन गरिएको बताउनुभयो ।

उ प त य क ा म ा ललितपुरमा सबभन्दा बढी डेँगुका बिरामी देखिएका छन् । लामखुट्टे धेरै पाइने तराई-मधेश तथा पहाडी क्षेत्रमा डेङ्गुको सङ्क्रमण बढ्दै गएको छ । विशेष गरी जनघनत्व बढी भएका काठमाडौँ उपत्यका, पोखराजस्ता शहरमा डेङ्गुज्वरोका बिरामी बढिरहेका छन् । त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालमा अहिले ११ जना डेँगुका बिरामीले उपचार गराइसकेका अस्पतालका सूचना अधिकारी रामबिक्रम अधिकारीले जानकारी दिनुभयो । उहाँले अस्पतालमा कोरोना भाइरसका बिरामी घटेसँग डेँगुका बिरामी बढेको बताउनुभयो ।

नेपालमा सन् २००४ मा पहिलो पटक डेङ्गुको बिरामी फेला परेको थियो । सन् २००४ मा एक जनामा डेँगु देखिएको थियो । त्यसयता डेङ्गुको सङ्क्रमण देखिँदै आएको छ । सन् २००६, २०१०, २०१२, २०१३, २०१७ र २०१९ मा डेङ्गु बढेको पाइन्छ । सन् २०१९ मा १७ हजार ९९२ जनामा डेँगुका बिरामी देखिएका थिए । तराई-मधेशमा बढी देखिने डेङ्गु २०१८ पछि भने पोखरा, काठमाडौँजस्ता पहाडी सहरमा पनि देखा पर्‍यो । उपत्यकामा लामखुट्टे बढेको र डेङ्गुका बिरामी पनि उपत्यका प्रवेश गरेका र ती बिरामीबाट अन्य मानिसलाई लामखुट्टेले रोग सार्ने गरेकाले उपत्यकामा डेङ्गुका बिरामी बढी देखिएका हुन् । निजामति कर्मचारी अस्पतालले डेङ्गुबाट बच्नका लागि सबै शय्यामा रहेका बिरामीलाई झुल प्रयोग गर्न निर्देशन दिएको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका भेक्टर कन्ट्रोल निरीक्षक उत्तमराज प्याकुरेलका अनुसार अहिलेसम्म दुई हजार आठ सय २७ जनामा डेँगुका बिरामी फेला परेका छन् । प्रदेश नं १ मा दुई सय एक जना, मधेश प्रदेशमा ५८ जना, बागमती प्रदेशमा एक हजार छ सय ९७ जना, गण्डकी प्रदेशमा ७८ जना, लुम्बिनी प्रदेशमा छ सय ६६ जना, कर्णाली प्रदेशमा ३९ जना र सुदुरपश्चिम प्रदेशमा ८८ जनामा डेँगुका बिरामी रहेका छन् ।

# मनाइयो हरितालिका (तीज), पशुपतिमा करिब सात लाख दर्शनार्थी

रासस
काठमाडौं, १४ भदौं

नेपाली नारीको महान् पर्व तीजका अवसरमा पशुपतिनाथ मन्दिरमा करिब सात लाख दर्शनार्थीले दर्शन एवं पूजा आराधना गरेका छन् ।



बेलुकी सात बजेसम्म करिब सात लाख भक्तजनले पशुपतिनाथ मन्दिरमा दर्शन गरेको कोषका संस्कृति संरक्षण महाशाखा प्रमुख गौरी शङ्कर पराजुलीले जानकारी दिनुभयो । बेलुकी आरती चलिरहेका बेला पनि पशुपति क्षेत्रमा भक्तजनको उत्तिकै भीड रहेको उहाँले सुनाउनुभयो । भाद्र शुक्ल तृतीयाका दिनमा आज देवादिदेव महादेवको पूजा आराधना गरी महिलाले हरितालिका (तीज) पर्व मनाएका हुन् । पर्वका अवसरमा आज पशुपतिनाथ मन्दिरमा बिहानैदेखि भक्तजनको भीड लागेको थियो । पशुपतिनाथ मन्दिरमा यस वर्ष विगतभन्दा सहज रुपमा दर्शन गर्न पाइएको भक्तजनले बताएका छन् । पन्ध्र वर्षपछि पशुपतिनाथको पूर्वी ढोका खोलेपछि भक्तजनलाई दर्शनमा सहज भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।राजधानीको उत्तरपूर्वी भेगका गोकर्णेश्वर र नागेश्वर मन्दिर, भक्तपुकरको डोलेश्वर, ललितपुरको सन्तानेश्वरलगायत काठमाडौँ उपत्यका र देशभरका शिवालयमा बिहानैदेखि भक्तजनको भीड लागेको थियो । भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव पार्वतीको पूजा, उपासना गरेमा सुख, शान्ति र कल्याणको प्राप्ति हुने धार्मिक विश्वास छ । सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने बरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छा विपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरूलाई आफ्नो समस्या सुनाइन् ।

पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरूले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरूले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई पतिका रुपमा प्राप्त गरिन् । यसरी पार्वती साथीहरूद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने प्रचलन शुरु भएको धर्मशास्त्रीय मत छ। संस्कृत भाषाका 'हरित' र 'आलिका' दुईवटा शब्द मिलेर हरितालिका शब्द बनेको छ। जसमा 'हरित' शब्दको अर्थ हरण गरिएको र 'आलिका' शब्दको अर्थ साथी भन्ने हुन्छ । सत्ययुगमा आजैको दिन निराहार व्रत बसी पार्वतीले श्रीमहादेव स्वामी पाएकीले आजको दिनमा व्रत बस्दा मनोकामना पूरा हुने विश्वास छ । नारीले परिवारको अभिभावकका रुपमा प्रतिनिधित्व गरी व्रत बस्ने भएकाले नसकेका अवस्थामा अथवा रजस्वला भएका बेलामा पुरुषले पनि व्रत बस्ने गरेका छन् । यस अर्थमा अहिले केही नारीवादीले उठाएजस्तो विभेदकारी व्रत परम्परा पनि तीज नभएको धर्मशास्त्रविद्हरूको भनाइ छ । समग्रमा मनोकामना पूर्ण गराउने र सम्पूर्ण परिवारको कल्याणका लागि यो व्रतको प्रयोजन रहेको धर्मशास्त्रीहरूको मत छ । आत्मावादी र ईश्वरवादी दुवैले यो व्रत लिने गरेका छन् । समग्रमा परिवारको यस लोकमा सुख, शान्ति र पारलौकिक सद्गतिका लागि तीजको व्रतको महत्व छ ।

व्रत सकाम, निष्काम, नित्य, नैमित्तिक, र काम्य गरी पाँच किसिमका छन् । तीजको व्रत नित्य र काम्य दुवै खालको भएको धर्मशास्त्रीय मान्यता छ । हरितालिका पर्व समापनका अवसरमा केही मानिसले आज पूजा लगाउँछन् । आज पूजा नलगाउनेले भने भाद्र शुक्ल चौथीका दिन बिहान गोदान एवं पूर्णपात्र दान गरेर व्रत समापन गर्छन् । सोमबार राति दर खाएपछि औपचारिक रुपमा सुरु हुने तीज पर्व ऋषि पञ्चमीसम्म मनाइन्छ । तृतीयाका दिन हरितालिका व्रत, चौँथीका दिन गणेश भगवान्को पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ। नेपाली नारीले यो पर्व विशेष रुपमा मनाउँछन् ।